# सार्वजनिक सूचना!!!

बागमती प्रदेश वाट स्वीकृति प्राप्त गरी सञ्चालन भइरहेका ट्याक्सी सेवाको भाडादर समायोजन तथा निर्धारणका सम्बन्धमा यस मन्त्रालयको मिति २०७८/०९/२० (माननीय मन्त्रीस्तर) को निर्णयानुसार ट्याक्सी सेवा प्रदायकले तपशिलका सर्तहरु पालना गर्ने गरी **"भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमवाट भाडा भुक्तानी नियमावली,२०७८"** बमोजिम देहायको भाडादर मिति २०७८/१०/०१ गते देखि लागूहुने गरी समायोन तथा निर्धारण गरिएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

परिमार्जित भाडादरः-

१. उपत्यकामा सञ्चालित ट्याक्सी सेवाको पहिलो १ कि.मि. सम्मको यात्राको शूरु फ्लाग डाउन रु ६०।- (रु.साठ्ठी) कायम गर्ने।

२. शुरुको १ कि.मि.यात्रा पश्चात प्रति २०० मिटरको ९।८० (रु.नौ, पैसा असी) का दरले थप हुने गरी कायम गर्ने।

ट्याक्सी सेवा प्रदायकले पालना गर्नु पर्ने सर्तहरुः-

१. ट्याक्सीहरुले पूर्णरुपमा मिटर प्रयोग गर्नुपर्ने र मिटरमा नै हिड्नुपर्ने।

२. सेवाग्राहीलाई ट्याक्सी प्रयोग गर्ने वित्तिकै सवारी साधनको नम्वर, चालकको सम्पर्क नं सहितको विवरण भएको अंग्रेजी र नेपाली माध्यमको भाषा भएको भिजिटिङ्ग कार्ड उपलव्ध गराउनुपर्ने।

३. ट्याक्सीमा छुटेको सामान ट्याक्सी सेवा प्रदायकले सुरक्षित राखि नजिकको प्रहरीलाई सूचना दिनुपर्नेछ।

४. ट्याक्सी नियमित रुपमा सरसफाई गरी लैङ्गिक विभेद रहित सेवाग्राही मैत्री व्यवहार गर्नुपर्ने।

०७८/९/२०

प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
बागमती प्रदेश
हेटौंडा,नेपाल

राजन पोखरेल
सूचना अधिकारी